

**हानिकारक रङ मिसावट गरिएका माछा नष्टः-**
पृथ्वी राजमार्गको मलेखुमा रहेका माछा पसलबाट हानिकारक रङ मिसावट गरिएका ५० हजार बराबरको माछा नियन्त्रण लिई नष्ट गरिंदै । जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयको टोलीले मलेखुका माछा प्रशोधन केन्द्र, माछा पसल र होटलको अनुगमनपछि सो परिमाणको माछा नष्ट गरिएको हो । तस्बिर : शंकर श्रेष्ठ/रासस

# मुलुकको अर्थतन्त्र सुधार गर्न सबै प्रतिबद्ध हुनुपर्छ-अध्यक्ष ओली

काठमाडौँ, ९ असोज (रसस)

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको अर्थतन्त्र सुधार गर्नका लागि सबै प्रतिबद्ध हुनुपर्ने बताउनुभएको छ।

नेपाल उद्योग तथा व्यवसायी महासंघले आज यहाँ आयोजना गरेको 'निजी क्षेत्रसँग एमाले' विषयक अन्तरक्रियामा उहाँले अर्थतन्त्र सुधार गर्नका लागि सबै लाग्नुपर्ने बताउनुभयो।

"अर्थतन्त्र सुधार गरेर छाड्ने कुरामा हामी प्रतिबद्ध रहेका छौँ", उहाँले भन्नुभयो, "अब ढिलो गर्ने वा पर्खने अवस्था हामीसँग छैन।"

अध्यक्ष ओलीले अहिले सबै देशप्रति गम्भीर हुनुपर्ने अवस्था रहेको भन्दै अहिलेको अवस्थामा सामान्य हिसाबले लिन नहुने बताउनुभयो।

"सिटामोल खाएर काम लाग्ने स्थिति छैन। एक दिनको ज्वरो पनि हट्दैन", उहाँले भन्नुभयो, "मुलुकको अर्थतन्त्रको खास उपचार गर्नुपर्दछ। त्यसको लागि हामी सबै गम्भीर बन्नुपर्दछ।"

देशको अवस्थाप्रति चिन्ता र त्यसबाट उन्मुक्ति कसरी मिल्छ भन्ने कुरामा निजी क्षेत्रसँग मिलेर अगाडि बढ्ने उहाँको धारणा राख्नुभयो।

अध्यक्ष ओलीले देश आर्थिक हिसाबले सबल बन्नुपर्ने उल्लेख गर्दै गरिबीबाट नेपाली जनतामाथि उठाउनुपर्ने बताउनुभयो।

मानिस धनी हुनुपर्नेमा गरिबी बन्दै गएको भन्दै उहाँले देशलाई परिवर्तन ल्याउनुपर्ने भनाइ राख्नुभयो।

अहिलेको अवस्थाबाट मुलुक अगाडि बढ्न नसक्ने भन्दै उहाँले अर्थतन्त्रमा सुधारको लक्षण नदेखिएको बताउनुभयो।

उद्यमी व्यवसायीले बढी राजनीतिक गर्ने गरेको उल्लेख गर्दै अध्यक्ष ओलीले अहिले सबैको सहकार्यबाट मात्र मुलुक अगाडि बढ्ने बताउनुभयो।

उहाँले सरकारी सम्पत्तिलाई निजी बनाउनेलाई सरकारले कारबाही गर्नुपर्ने भनाइ राख्नुभयो । अध्यक्ष ओलीले चलायमान ठाउँमा र वैदेशिक रोजगारबाट आएको मुद्रा थुप्रिएको बताउनुभयो।



"कतिपय ठाउँमा बजेट छ । तर चलायमान छैन। वैदेशिक मुद्रा पनि थुप्रिएको छ । वैदेशिक अध्ययनका लागि जाने विद्यार्थीले लिएर जानेबाहेक अरु काम भएको छैन", उहाँले भन्नुभयो, "चलायमान ठाउँमा थुप्रिएको पैसालाई स्थान्तरण गरेर चलायमान गराउनुपर्दछ।"

अध्यक्ष ओलीले मुलुकको अर्थतन्त्र सुधार गर्नका लागि कुनै दिन दबाबमूलक काम गर्ने परे एमालेले अगुवाइ गर्ने बताउनुभयो।

उहाँले एमालेलाई सरकारमा जान हतार नभएको भन्दै उहाँले आफूहरु मिसन-२०८४ मा लागेको बताउनुभयो।




आफ्नो घरमा
चर्पी बनाई
प्रयोग गरी
वातावरण
सफा राखौं ।

# खेल समाचार

## १९औँ एसियाली खेलकुद
## जुडो र रग्बीमा नेपालको यात्रा समाप्त

-विक्रम गिरी
चीन, ९ असोज (रासस)

१९औँ एसियाली खेलकुद, २०२२ अन्तर्गत जुडो र रग्बीमा नेपालको यात्रा समाप्त भएको छ।

आज नेपालका दुई खेलाडी पराजित भएसँगै जुडोमा नेपालको यात्रा समाप्त भएको हो।

पुरूष एक सय किलोमाथिको तौल समूहमा नेपालका रन्जेश गोले इप्पोनका आधारमा पराजित भए। उनलाई प्रिक्वाटरफाइनलमा काजकिस्तानका खेलाडीले पराजित गरे।

यस्तै महिला ७८ किलोमाथिको तौल समूहमा नेपालकी आकृति जोशी उज्वेकिस्तानकी खेलाडीसित इप्पोनकै आधारमा पराजित भइन्।

जुडोमा नेपालबाट पुरूषतर्फ चार तथा महिलातर्फ चार खेलाडीले प्रतिस्पर्धा गरेका थिए। पुरूषतर्फ विकास विक, जंगबहादुर सारू र इन्द्रबहादुर श्रेष्ठ तथा महिलातर्फ मनीता श्रेष्ठ, देवकीमाया श्रेष्ठ र पुनम श्रेष्ठ यसअघि नै पराजित भइसकेका छन्।

चीनमा जारी १९औं एसियाली खेलकुदमा रग्बीमा डेब्यु गरेको नेपाल सबै खेलमा पराजित भएको छ। रग्बी सेभेन्समा नेपालको पुरुष टोली सबै खेलमा पराजित भयो।

आज भएको खेलमा नेपाल ओसिए इन्डिपेन्डेन्ट एथ्लेटिक टोलीसित ६८-० अंकले पराजित भएको हो।

प्रतियोगितामा नेपाल आफ्ना सबै ६ खेलमा पराजित भयो। समूह डी मा रहेको नेपाल समूह चरणमा युएई, चीन, अफगानिस्तान, थाइल्याण्ड र फिलिपिन्ससित पराजित भएको थियो।

यसैगरी तेक्वान्दोमा पनि प्रतिस्पर्धा गरेका तीन नेपाली खेलाडी आ आफ्नो स्पर्धामा पराजित भए। नेपालका गोविन्दबहादुर आले पुरूष ६३ किलोमुनिको तौल समूहमा प्रिक्वाटरफाइनलमा पराजित भए। उनी प्रिक्वाटरफाइनलमा थाइल्यान्डका खेलाडीसित २-० अंकले पराजित भए।

यस्तै आजै भएको महिला ५३ किलोमुनिको तौल समूहमा नेपालकी आयषा लामा दक्षिण कोरियाका खेलाडीसित पराजित भइन्।

महिला ५७ किलोमुनिको तौल समूहमा सन्ध्याकुमारी सिंह पनि पराजित भइन्। तेक्वान्दोका चार खेलाडी यसअघि नै प्रतियोगिताबाट बाहिरिएका थिए।

# दसैँ-तिहार सुरक्षा विषेश योजना लागू गर्ने तयारीमा प्रहरी

काठमाडौँ, ९ असोज (रासस)

नेपाल प्रहरीले दसैँ-तिहार तथा छठ पर्वलाई लक्षित गर्दै यही असोज २१ गतेदेखि यस वर्षको दसैँ-तिहार सुरक्षा विषेश योजना लागू गर्ने भएको छ।

विगतका चाडपर्वमा भएको सुरक्षा कमीकमजोरीलाई मध्यनजर राख्दै केन्द्रीय सुरक्षा योजनासहित युनिटहरूले आआफ्नै सुरक्षा चुनौतीअनुसार सुरक्षा योजना तयार पारी यसवर्षको दसैँतिहार सुरक्षा योजनालाई बलियो र मजबुद पारिने केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुँवेर कडायतले बताउनुभयो।



उहाँले भन्नुभयो, "दसैँ तिहारमा कुनै पनि आपराधिक क्रियाकलाप हुन नदिन प्रहरी व्यापक चरिचालन गरिने छ, असोज २१ गतेदेखि यसवर्षको दसैँ-तिहार सुरक्षा विषेश योजना लागु हुन्छ।"

यसैगरी उहाँले दसैँ-तिहारको समयमा नेपाल प्रहरीका गण तथा गुल्ममा रिजर्भमा रहेको फोर्सलाई परिचालन गरिने राससलाई जानकारी दिनुभयो।

"ढुक्कका साथ दसैँ मनाउन घर गए हुन्छ, तर घर बन्द गरेर जाँदा सेल्फी खिचेर घर खाली भएको जानकारी हुने गरी सामाजिक सञ्जालमा पोष्ट नगरौँ, बरु प्रहरीलाई जानकारी गराऔँ।" उहाँले भन्नुभयो।

दसैँ-तिहारजस्ता चाडपर्वमा अपराधिक क्रियाकलाप बढी हुने भएकाले त्यसतर्फ सबैले चनाखो भएर लाग्न तथा आफ्ना घर, छिमेकमा त्यहाँ गतिविधि भएमा वा हुने सक्तेत देखिएमा तत्काल नजिकको प्रहरी युनिटमा वा निःशुल्क नम्बर १०० मा खबर गर्न समेत प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले आग्रह गर्नुभयो।

यसैगरी प्रहरी प्रधान कार्यालयले चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाएर लागू गर्न देशैभरका प्रहरी युनिटहरूमा सर्कुलर जारी गरेको छ।

नजिकिँदो चाडपर्वलाई लक्षित गरी आवश्यक सुरक्षा प्रवन्धसहित सुरक्षा योजना तयार पारी लागू गर्न सर्कुलर जारी गरेको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो।

उहाँका अनुसार दसैँ-तिहार विशेष सुरक्षा योजना लागू भएपछि साविकभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने र सम्भावित जोखिम क्षेत्रको पहिचान गरी चोरी तस्करीलगायत आपराधिक क्रियाकलाप रोक्नका लागि प्रहरीलाई चुस्त रुपमा परिचालन गर्ने गरिनेछ।

यसवर्षको दसैँ-तिहारमा कतिजना सुरक्षाकर्मी परिचालन हुन्छन भन्ने कुरा केही दिनमै सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो।



# आर्थिक समाचार

## नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि

**काठमाडौँ, ९ असोज (रासस)**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ।

आज नेप्से परिसूचक १८ दशमलव ४५ अङ्कले बढेर दुई हजार २२ दशमलव ९१ को बिन्दुमा कायम भएको हो।

आज विभिन्न कम्पनीका दुई सय ८६ कम्पनीको ८७ लाख चार हजार चार सय ७७ कित्ता शेयर ७८ हजार छ सय १६ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब नौ करोड ३८ लाख नौ हजार पाँच सय १८ बराबरको कारोबार भएको छ।

होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जलविद्युत् समूह तीन दशमलव नौ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ४४ प्रतिशतले बढेको छ।

मेन्छियाम हाइड्रोपावर लिमिटेड र मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत र मोलुङ हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै मूल्य घट्नेमा भने हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड छ। कम्पनीको शेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको रू आठ करोड ३४ लाख ६६ हजार दुई सय २४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको चार लाख १४ हजार आठ सय ५० कित्ता शेयर खरिदबिक्री भएको छ।

## बलात्कार आरोपमा वडाध्यक्ष पक्राउ

**ओखलढुंगा, ९ असोज (रासस)**
ओखलढुंगाको सुनकोशी गाउँपालिका–१० का वडाध्यक्ष छविरमण धमला बलात्कार आरोपमा पक्राउ पर्नुभएको छ।

वडाध्यक्ष धमलाले आफूलाई जबर्जस्ती करणी गरेको भन्दै एक २५ वर्षीया युवतीले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले पक्राउ गरेको हो। धमलाविरुद्ध असोज ५ गते मुद्दा दर्ता भएको थियो। मुद्दा दर्तापछि अदालतले पक्राउ पुर्जी जारी गरेको थियो।

पीडित महिलाको उजुरीको आधारमा असोज ७ गते आइतबार जिल्ला अदालतबाट पक्राउ गर्ने आदेश भएकोमा मंगलबार धमलालाई सिद्धिचरण नगरपालिकाबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक बालिस्टर सिंहले जानकारी दिनुभयो।

अदालतबाट पक्राउ पुर्जी जारी भएसँगै धमला मोबाइल अफ गरेर सम्पर्कविहीन बन्नुभएको थियो। प्रहरीको खोजी सूचीमा रहनुभएका धमलाले सोमबार सामाजिक सञ्जाल फेसबुकमा षड्यन्त्र गरेर आफूलाई फसाइएको दाबी गर्दै आफैँ प्रहरी र अदालतमा हाजिर भएर कानूनी लडाइँ लड्ने प्रतिक्रिया दिनुभएको थियो।

पक्राउ परेका धमलालाई ओखलढुंगा जिल्ला अदालतबाट हिरासतमा राखेर अनुसन्धान गर्न सात दिनको म्याद गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ।

धमला स्थानीय तहको दोस्रो निर्वाचनमा नेकपा (एमाले) बाट वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो। जिम्मेवारीमा रहँदै यौनजन्य अपराधको कसुर लागेको यो दोस्रो घटना हो। अघिल्लो कार्यकालमा लिखु गाउँपालिकाका एक वडासदस्यलाई बलात्कार मुद्दा लागेको थियो। उनी अहिले जेलमै छन्।

### अधिकांश....

बिक्री गरिरहेको पाइएपछि दर्ता गरी मापदण्ड अनुसार सञ्चालन गर्न निर्देशन दिएको बताउनुभयो।

पशुसेवा विज्ञ केन्द्र प्रमुख डा ठाकुरले पहिलो चरणमा जनकपुर बजार क्षेत्रमा र त्यसपछि अन्य स्थानमा अनुगमन गरिने बताउनुभयो। अनुगमनमा मासु पसल, भेटेरेनरी र डेरीको अनुगमन गरिने उहाँको भनाइ छ। अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय धनुषासहित सरोकारवालाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता थियो।

### ...त्यसपछि.....

र अन्य गतिविधि सञ्चालन गर्न सहज हुने बताउनुहुन्छ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मिथिला र मैथिली संसकृतिको विकास, ठूला सभा सम्मलेन आयोजना गर्न संस्कृति केन्द्रको निर्माणको विशेष महत्व रहेको र यसको संरक्षणका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो।

सहरी विकास मन्त्रालयको रु १२ करोड २४ लाख ७९ हजार तीन सय ४० (भ्याटबाहेक) लागतमा निर्माण सम्पन्न भएको भवन सवा दुई बिघा क्षेत्रफलमा फैलिएको छ। नवनिर्मित भवनमा पाँच सय ४० जना क्षमताको सभाहल, दुई सय जना अटाउने कन्फरेन्स हल छ भने परिसरभित्र पुस्तकालय भवन, सङ्ग्रहालय ब्लक, कम्पाउन्ड वाल, पार्किङ, सार्वजनिक शौचालय, क्यान्टिन ब्लकलगायतका संरचना रहेका छन्।

भवन निर्माण कार्य सम्पन्न भए पनि त्यसको स्वामित्वका विषयमा भने टुङ्गो लागिसकेको छैन। भवन स्थानीय तह वा प्रदेशमध्ये कुन निकायलाई जिम्मा लगाउने भन्नेबारे छलफल भइरहेको र टुङ्गो नलागुञ्जेल सहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन एकाइ धनुषाको मातहत नै रहने आयोजना कार्यान्वयन एकाइ प्रमुख प्रदीप खनालले बताउनुभयो।

बाँचुन्जेल रक्तदान
मरणोपरान्त नेत्रदान ।
नरसिंहदास बृजलाल गोयल
वेलफेयर सोसाईटी, वीरगंज
फोन नं. ०५१-४१८५२१/४१८४८१

### खराब काम....

व्यवसायीलाई निरुत्साहित गर्न निर्मम ढङ्गबाट अगाडि बढेका छौँ भने राम्रो काम गर्ने व्यवसायीलाई उत्प्रेरणा र हौसला दिएका छौँ।

**स्वच्छ र प्रतिस्पर्धी बजार कायम गर्न व्यवसायी, उपभोक्ता र सरकारको भूमिका कस्तो हुनुपर्छ ?**

(बजारलाई स्वचछ र प्रतिस्पर्धी बनाउन व्यवसायी, उपभोक्तालगायत सरोकारवाला सबैको महत्वपूर्ण भूमिका रहन्छ। उत्पादककर्ता, पैठारीकर्ता तथा व्यवसायी आफैँमा उपभोक्ता भएको हुनाले उहाँहरूले उत्पादन गर्ने वा बिक्री गर्ने वस्तु गुणस्तरीय रूपमा उत्पादन गरी सहज रूपमा उपभोक्तासमक्ष पुऱ्याउनुपर्छ। उत्पादक, पैठारीकर्ता तथा वितरकले इमान्दारितापूर्वक व्यावसायिक नैतिकताभित्र रहेर व्यवसाय गर्नुपर्छ।

कुनै पनि खाद्य वस्तुको मिसावट नगरीकन बिक्री वितरण गर्न आग्रह गर्दछु। कुनै पनि वस्तु खरिद गर्नुपूर्व लेबल छ कि छैन, उत्पादन र प्रयोगयोग्य मिति उल्लेख छ कि छैन, मिसावट छ कि छैन, भ्रामक विज्ञापन गरेको छ कि छैन पुराना वस्तुलाई नयाँ वस्तु भनेर वा पुनः प्याकिङ गरेर बिक्री गरेको अवस्था हो कि होइन यी सबै अवस्था यकिन गरेर मात्र खरिद गर्न आम उपभोक्ता वर्गमा अनुरोध गर्दछु।

खाद्यवस्तुमा कुनै कैफियत देखिएको अवस्थामा विभागलाई सूचना दिन जानकारी गराउन आग्रह गर्दछु। व्यवसायी तथा उपभोक्ताको सहयोगबाट नै बजारलाई व्यवस्थित बनाउन सकिन्छ।

### अर्थमन्त्री.....

कार्बन उत्सर्जनमा खासै भूमिका नरहेको तर जलवायु परिवर्तनको अत्यधिक असर र प्रभाव भोगिरहेका नेपाललगायत अन्य विकासशील मुलुकका लागि जलवायु वित्त तथा सो सम्बद्ध सुविधा वृद्धिमा समेत उहाँले जोड दिनुभयो। अर्थमन्त्री डा महले नेपाल जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित मुलुक रहेको विषयमा फेहरिस्त प्रस्तुत गर्नुहुँदै सोबाट सृजित समस्या तथा चुनौतीको बारेमा प्रकाश पार्नुभयो।

सो अवसरमा अर्थमन्त्री डा महले कार्बन व्यापारको मूल्य पुनरावलोकन गरी उचित मूल्य कायम गर्न जरुरी रहेकोतर्फसमेत सबै सहभागीको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा एआइआइबीका ८६ सदस्य राष्ट्रको सहभागिता रहेको थियो। शार्म अल शेखमा आयोजित एआइआइबीको उच्चस्तरीय बैठकको मुख्य कार्यक्रम आज सम्पन्न हुँदैछ। औपचारिक कार्यक्रम सम्पन्न भएपश्चात् अर्थमन्त्री मह भोलि स्वदेशतर्फ फर्किने कार्यक्रम छ।

### महानगर.....

पिस जोन एकेडेमी, ओसिस मा.वि., ग्रिनल्याण्ड मा.वी. , गोल्डेन बाटिका स्कुल, ज्ञान निकेतन मा.वी., न्यू वेभ एकाडेमी, एन्जल इन्टरनेशनल बोर्डिङ स्कुल, मुनलाइट इङ्गलिस बोर्डिङ स्कुल र वीरगंज सेन्ट्रल स्कुलले लिएको अनुमति अरुलाई प्रयोग गर्न दिएर अनुमति दुरुपयोग गरेकाले रु. ५०/५० हजार जरिबाना गरिएको हो।

बैठकले शिलबन्दी भएका शैक्षिक संस्थाले तत्काल विधि प्रकृया पुऱ्याई अनुमति माग गर्न आएमा नियमानुसार ती शैक्षिक संस्थालाई अनुमति प्रदान गर्न प्रकृया थालनी गर्ने निर्णय गरेको शिक्षा महाशाखा प्रमुख कर्णले जानकारि दिनुभयो।

### ललिता....

पूर्वप्रधानमन्त्रीद्वयलाई उन्मुक्ति दिइएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। उक्त रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि अदालतले सरकारका नाममा लिखित जवाफ माग गर्ने आदेश गरेको हो।

अदालतले यसअघि दर्ता भएको दुईवटा रिट निवेदनलाई साथै राखी पेस गर्न आदेश गरेको छ। रिट निवेदनमा पूर्वप्रधानमन्त्रीद्वयविरुद्ध पूरक अभियोग दर्ता गर्न आदेश दिनुपर्ने माग गरिएको थियो।

### सुन तस्करी.....

अदालत काठमाडौँका सूचना अधिकारी दीपक दाहालले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार काठमाडौँ जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद मैनालीको इजलासमा २६ जना प्रतिवादीको बयान सकिएकाले भोलिदेखि थुनछेक बहस सुरु हुनेछ।


### शिक्षा क्षेत्रको.....

घोषणा भएको हो। कार्यक्रममा जलेश्वर नगरपालिकाको ६३ हजार ८ सय २ जनसंख्या रहेकोमा ३४ हजार ४ सय ४८ जना (१५ देखि ६० वर्ष सम्मका) ९५ दशमलव ०५ प्रतिशत मानिस साक्षर रहेको तथ्याङ्क प्रस्तुत गरिएको छ। नेपाल सरकारको प्रावधान अनुसार ९५ प्रतिशतभन्दा माथि साक्षरता संख्या पुगेको पालिकालाई साक्षर घोषणा गर्न सकिने छ।

i–Max Computer

Sales, Service &
Maintance
(कम्प्युटर विक्रि तथा
मर्मत केन्द्र)
महाविरस्थान, लाठगल्लि, वीरगंज
फोन नं.:- ९८४५०३८५४४, ०५१-५३०८६३

धमाका! धमाका!! धमाका!!!
फोन गर्नुहोस् सेवा लिनुहोस्
मिखा ट्रेडर्स
वीरगंज, पर्सा
ग्याँस चुल्हो सम्बन्धी सम्पूर्ण सामान विक्री तथा
मर्मत गरिन्छ।


०५१-५२८६६२, ०५१-५२०८४१
९८०७२६३०७२,
९८४५०३६७६८

# अन्तराष्ट्रिय समाचार

## दोहोरो झडपमा पच्चीस जना मारिए

**बेरुत, ९ असोज (रासस/एएफपी)**
सिरिया सरकारप्रति वफादार लडाकू समूह र पूर्वी सिरियाको अरब जिल्लामा कुर्द नेतृत्वको सेनाबीच भीषण झडप भएको छ।

दुई दिनसम्म भएको झडपमा २५ जनाको मृत्यु भएको युद्ध पर्यवेक्षक एक संस्थाले मङ्गलबार बताएको छ।

वासिङ्टनको समर्थन पाएको कुर्दिस नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) ले सोमबार सुरु भएको झडपमा देइर एजोर प्रान्तको धेबान क्षेत्रमा घुसपैठ गरेका बन्दुकधारीहरूलाई परास्त गरेको बताएको छ।

यसै महिनाको प्रारम्भमा सोही क्षेत्रमा एसडीएफ र सशस्त्र अरब जनजातिबीच १० दिन झडप भएको थियो। उक्त झडपमा ९० जनाले ज्यान गुमाएका थिए।

बेलायतस्थित सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले सिरिया सरकार समर्थक लडाकुहरूले युफ्रेटिस नदी पार गर्दा पछिल्लो झडप भएको बताएको छ।

झडपमा २१ जना दमास्कसका वफादार र तीन जना एसडीएफ लडाकुले ज्यान गुमाएका उक्त संस्थाले बताएको छ।

## मानवअधिकार परिषद्मा सामेल हुने रुसको प्रयास

**जेनेभा, ९ असोज (रासस/एपी)**
रुसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को निर्वाचनमा पुनः सामेल हुने प्रयास थालेको छ।

रुसी सेनाले युक्रेनमा आक्रमण गरेपछि मस्कोलाई गत अप्रिलमा परिषद्बाट निष्कासन गरिएको थियो।

रुसले राष्ट्रसङ्घका सदस्य देशका राजदूतहरूलाई आगामी महिना हुने निर्वाचनमा सहयोगका निम्ति अनुरोध गर्दै पत्राचार गरेको छ। एपीले पढेको उक्त पत्रमा मस्कोले मानव अधिकारका मुद्दामा समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेको छ।

साथै मस्कोले परिषद्लाई कुनै एक अमुक समूहको राजनीतिक स्वार्थ पूरा गर्ने उपकरण बन्न खोजेको आरोप लगाउँदै त्यसो हुन नदिन रुसलाई पुनःनिर्वाचित गर्नुपर्ने तर्क पत्रमा गरिएको छ। नाम नलिइ रुसले परिषद्लाई पश्चिमा मुलुकले आफ्नो इच्छानुसार प्रयोग गर्न खोजेको आरोप लगाएको छ।

जेनेभास्थित कूटनीतिज्ञहरूले रुसले गम्भीर मानवअधिकार उल्लङ्घन गरेको तथा अन्तरराष्ट्रिय फौजदारी अदालतले नेता भ्लादिमिर पुटिनलाई पक्राउ गर्ने आदेश दिएको सन्दर्भमा अन्तरराष्ट्रिय रुपमा गुमेको रुसको गरिमा पुनःस्थापना हुने सम्भावना नरहेको बताएका छन्।

## इजरायल–साउदी सम्बन्ध सामान्य बन्दै

**प्यालेस्टिनी, ९ असोज (रासस/एएफपी)**
इजरायल र साउदी अधिराज्यबीचको सम्बन्धलाई सामान्य बनाउने प्रयासले गति लिएको छ।

अमेरिकी मध्यस्थतामा इजरायलसँग वार्तामा बस्न सहमत भएको साउदी अरबको एउटा प्रतिनिधिमण्डल मंगलबार प्यालेस्टिनी क्षेत्रमा आइपुगेको छ।

जोर्डनबाट सतहमार्ग हुँदै प्रतिनिधिमण्डल जेरिको आइपुगेको हो। साउदी प्रमण्डलले इजरायली भूमिहुँदै प्यालेस्टिनी क्षेत्रमा तीन दशकपछि पहिलो पटक प्रवेश गरेको हो।

प्यालेस्टिनी क्षेत्रका लागि साउदी गैरआवासीय राजदूत नाइफ अल(सुदैरीको नेतृत्वमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास र प्यालेस्टाइनका शीर्ष कूटनीतिज्ञ रियाद अल–मलिकीलाई भेट्ने कार्यक्रम छ।

जोर्डनका लागि साउदी अधिराज्यका राजदूत सुदैरीलाई गत महिना प्यालेस्टिनी क्षेत्रको पनि जिम्मेवारी दिइएको हो। उहाँ जेरुसेलमका लागि 'कन्सल जनरल' पनि हुनुहुन्छ।

मध्यपूर्वमा दिगो शान्ति कायम गर्ने अमेरिकी सक्रियताको परिणामस्वरुप साउदी प्रमण्डलको भ्रमण भएको हो। इजरायल–प्यालेस्टाइन द्वन्द्व अन्त्य गर्ने उद्देश्यले सन् १९९३ मा भएको ओस्लो सम्झौता कार्यान्वयनको एक हिस्साका रुपमा पनि यो भ्रमणलाई लिइएको छ।

इजरायलले २०२० मा संयुक्त अरब इमिरेट्स, बहराइन र मोरक्कोसँग सम्बन्ध स्थापना गरेकामा साउदीले प्यालेस्टिनी द्वन्द्व समाधान नभएसम्म कूटनीतिक रुपमा अघि नबढ्ने बताउँदै आएको छ। यद्यपि रियादले जेरुससलेमसँग सम्बन्ध स्थापनाको सिलसिलालाई भने अघि बढाएको छ।

## चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेता वार्ता गर्न सहमत

**बेइजिङ, ९ असोज (रासस/एएफपी)**
चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेताबीच यथासक्य चाँडो शिखर वार्ता हुनेभएको छ।

सरकारी अधिकारीहरूका अनुसार सन् २०१९ पछि पहिलो पटक त्रिपक्षीय वार्ता हुन लागेको हो

सोलमा चीन, जापान र दक्षिण कोरियाका वरिष्ठ कूटनीतिज्ञहरूबीच अप्रत्यासित रुपमा भएको बैठकपछि चीनले मंगलबार तीनवटै देशका नेताहरूबीच 'यथाशीघ्र' शिखर बैठक गर्न सहमति भएको बताएको हो।

टोकियो, वासिङ्टन र सोलबीचको सुदृढ सुरक्षा सम्बन्धलाई दृष्टिगत गरी ती देशसँग बिग्रिएको सम्बन्ध सुधार गर्ने प्रयासका रुपमा चीनले बैठकका निम्ति सहमति जनाएको विश्लेषकहरूले बताएका छन्। पचिल्लो समय अमेरिकासँगको बिग्रदो सम्बन्धलाई लिएर चीन चिन्तित छ।

"चीन, जापान र दक्षिण कोरियाबीचको सहकार्यलाई तीन पक्षको साझा हितमा निरन्तरता दिन् सहमति भएको छ," विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा मंगलबार भन्नुभयो।

प्रवक्ता वाङका अनुसार तीनवटै देशले आ(आफ्ना विदेश मन्त्रीहको बैठक अर्को केही महिना आयोजना गरेर त्यसपछि उपयुक्त समयमा जति सक्दो चाँडो शीर्ष नेताहरूको बैठक गर्न बेइजिङ, सोल र टोकियो सहमत भएका छन्।

दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि तीनवटै देशका कूटनीतिज्ञहरू शीघ्र त्रिपक्षीय शिखर बैठक आयोजना गर्न तथा त्यसको तयारीमा विदेश मन्त्रीस्तरीय बैठकको आयोजना गर्न सहमत भएका बताएको छ। पछिल्लो पटक त्रिदेशीय शिखर सम्मेलन सन् २०१९ मा भएको थियो।

राष्ट्रिय सहारा दैनिकका लागि
प्रकाशक/कार्यकारी सम्पादक
चन्द्रभुषण साह
(९८४५०४१००२,९८१५२७६९९९)
सम्पादक : नवीन अधिकारी, वृजलाल पासवान
सह-सम्पादक : रोमन साह
कानुनी सल्लाहकार
सुरेन्द्रप्रसाद कुर्मी
बजार व्यवस्थापक :
कपिल डंगोल
(मो.९८१६२२४४०१)
कार्यालय : वीरगंज-१९ बाईपास सडक (बैष्णोदेवी मन्दिरको (पुर्व तर्फ) गणेश टोल
मुद्रकः- सहारा अफसेट प्रेस वीरगंज-१६ वाईपास (गणेशटोल)
ईमेलः– sahara.patrika@gmail.com

# खराब काम गर्ने व्यवसायीलाई निरूत्साहित गर्न निर्मम ढंगबाट प्रस्तुत हुन्छौं-महानिर्देशक चिलुवाल

काठमाडौँ, ९ असोज (रासस)

नेपालीहरूको ठूलो चाड दसैं, तिहार तथा छठ नजिकै आइपुगेको छ। चाडबाडका समयमा मूल्य, परिमाण तथा गुणास्तरमा उपभोक्ता ठगिँदै आएका छन्।

व्यावसायिक क्रियाकलाप स्वच्छ, पारदर्शी एवं प्रतिस्पर्धी बनाउँदै गुणास्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने जिम्मेवारी वाणिज्य, आपूर्ति तथा उपाभोक्ता संरक्षण विभागको रहेको छ। विभागले चाडपर्व लक्षित बजार अनुगमन सुरु गरिसकेको छ।

उपभोक्तासँग सम्बन्धित विभिन्न १० वटा निकायको प्रतिनिधित्व रहने गरी संयुक्त बजार अनुगमन थालिएको छ। प्रस्तुत छ, चाडपर्व लक्षित बजार अनुगनमको अवस्था, आगामी योजनालगायत विषयमा विभागका महानिर्देशक तीर्थराज चिलुवालसँग राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता अशोक घिमिरेले गर्नुभएको कुराकानीको सम्पादित अंशः

**विश्वव्यापी कोरोना महामारीलगायत कारणबाट सुस्ताएको बजार बिस्तारै उठ्न थालेको देखिन्छ। यद्यपि, व्यापारी र आम उपभोक्ता अझै विश्वस्त हुन सकेको देखिँदैन । नियामक निकायको प्रमुखका रूपमा अहिलको बजारको अवस्थालाई कसरी नियालिरहनु भएको छ ?**

(खाद्य पदार्थको आपूर्ति र मूल्यका विषयमा सञ्चारमाध्यम र आम उपभोक्ताबाट गुनासो आइरहेको देखिन्छ। तथापि, विभागले आफ्नो दायित्वलाई ध्यान दिँदै बजार अनुगमनलाई सघनरूपमा अगाडि लगिरहेको छ। अहिले केही वस्तुको मूल्य समग्ररूपमा घटेको छ।

चामलको थोक बिक्री मूल्य प्रतिबोरा रु५० देखि एक सयसम्म घटेको अवस्था छ। दलहन प्रकृतिका केही खाद्य वस्तुमा थोरै मूल्य बढेको देखिएको छ। चिनीको मूल्य अलि बढी देखिएको छ। आन्तरिक उत्पादन कम हुनु तथा समयमै खाद्य वस्तुको आयात नहुनुलगायत कारणबाट उपभोक्ता मूल्यमा प्रभाव परेको देखिन्छ।

अहिले आपूर्ति प्रणालीमा कुनै समस्या छैन। दैनिक उपभोग्य वस्तुको अभावको अवस्था छैन। दैनिक अत्यावश्यक उपभोग्य वस्तु तथा अत्यधिक मूल्यवृद्धि भई विभिन्न माध्यमबाट आएका गुनासोका सम्बन्धमा भन्सार विभाग र स्वयम् उत्पादक, वितरक तथा पैठारीकर्ताबाट तथ्याङ्क माग गरी मूल्य विश्लेषणको कार्य भइरहेको छ। सरकारले भर्खरै मात्र ५० प्रतिशत भन्सार महसुल छुटमा २० हजार मेट्रिक टन चिनी आयात गर्न अनुमति दिएको छ।

सहुलियत भन्सार दरमा चिनी ल्याउने प्रक्रिया अगाडि बढेको छ। २० हजार मेट्रिक टनका साथै थप ३० हजार मेट्रिक टन चिनी आयात गर्ने तयारीमा सरकार रहेको छ। ५० हजार मेट्रिक टन चिनी आइसकेपछि बजारमा सहज अवस्था सिर्जना हुन्छ।

**चाडपर्व नजिकिँदै छन्, चाडबाडका समयमा मूल्य, परिमाण तथा गुणास्तरमा उपभोक्ता ठगिने जोखिम अत्यन्त बढी हुन्छ। स्वचछ बजार कायम गराउने तथा उपभोक्तालाई ठगिनबाट जोगाउने जिम्मेवारी विभागको रहेको छ। चाडपर्व लक्षित बजार अनुगमनको पाटोलाई कसरी अगाडि बढाउनुभएको छ ?**

(बजार अनुगमन विभागको वार्षिक कार्यक्रम नै हो। विभागले चाडपर्व नभनी नियमित रूपमा बजार अनुगमन गरिरहेको हुन्छ। उपभोक्ताको हक अधिकार संरक्षणका लागि विभाग हरदम तयार नै छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार विभागले नियमित रूपमा बजार अनुगमन गरिरहेको छ। विभागले चाडपर्व लक्षित संयुक्त बजार अनुगमन कार्यक्रम ल्याएको छ। चाडपर्व लक्षित संयुक्त बजार अनुगमन कार्ययोजना, २०८० जारी भएको छ। कार्ययोजनाअनुसार 'दश जोड दुई' कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। यसमा उपभोक्तासँग सम्बन्धित विभिन्न १० वटा निकायको प्रतिनिधित्व हुने गरी १० वटा टोली रहेको छ।

टोलीमा वाणिज्य, खाद्य तथा गुण नियन्त्रण, औषधि व्यवस्था, स्वास्थ्य सेवा, आन्तरिक राजस्व, नापतौल तथा गुणस्तर, कृषि, पशुसेवा र पर्यटन विभाग तथा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको सहभागिता रहेको छ।

'दश जोड दुई' कार्यक्रमअन्तर्गत १० वटा अनुगमन टोलीले दैनिक १० वटा फर्मको अनुगमन गर्ने गरी व्यवस्थापन गरिएको छ। अर्को दुईवटा टोलीले चिनी, चामल, तेल, मरमसलालगायत अत्यावश्यक र उच्च माग भएका वस्तुको उत्पादन वा पैठारी गर्ने तथा दोस्रो तहमा रहेका डिलर, थोक बिक्रेता वा खुद्रा बिक्रेताको तहसम्म अनुगमन गर्नेछ। 'ओभर स्टकिङ' गरेको छ कि भनेर व्यवसायी तथा गोदामको निगरानी र पहिचान गर्ने र कारबाहीको दायरामा ल्याउन विशेष टोली बनाइएको छ। यसलाई हामीले 'इन्टेलिजेन्स टिम'का रूपमा परिभाषित गरेका छौँ।

अहिले दैनिक १२ वटा टोली बजार अनुगमनमा परिचालित छ। बजार अनुगमनका लागि सरोकारवाला सबै निकायहरूबीच समन्वय गरेर संयुक्त रूपमा खटिइएका छौँ।

त्यसबाट बजार अनगुमन प्रभावकारी देखिएको छ। अहिले हामीले चाडपर्वलाई लक्षित गरेर गैरखाद्यभन्दा पनि खाद्य पदार्थको अनुगमनलाई प्राथमिकता दिएका छौँ।

**काठमाडौँ बाहिरका बजारको अनुगमन कसरी भइरहेको छ ?**

('कार्टेलिङ' गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, अखाद्य वस्तु मिसावट गर्नेलगायत उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने खराब प्रवृत्तिका व्यवसायीलाई कारबाही गर्नका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ। स्थानीय बजार अनुगमन गर्ने स्थानीय तह जिम्मेवार हो।

स्थानीय तहले आफू नजिक रहेर गुणस्तरीय वस्तु तथा सेवा पाउने उपभोक्ताको हकलाई स्थापित गर्नका लागि बजार अनुगमन गरिरहेको अवस्था छ। प्रदेशमा पनि वाणिज्य हेर्ने निकायलाई पनि बजार अनुगमनको अधिकार प्रत्यायोजन गरिएको छ।

उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन उपभोक्ता संरक्षण ऐन र नियमावली, २०७६ को प्रावधानअनुसार योग्यता पुगेका विभागमा कार्यरत सम्पूर्ण अधिकृतस्तरका कर्मचारी, ७७ वटै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी र सात सय ५३ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षण अधिकृतको अधिकार प्रत्यायोजन गरिएको छ।

**पछिल्ला दिनमा बजारमा चिनीको मूल्य ह्वात्तै बढेको छ, कृत्रिम अभाव देखाएर मूल्य वृद्धि भइरहेको छ। चिनीको मूल्य नियन्त्रण गर्न विभागले के गरिरहेको छ ?**

(हाम्रो देशको कूल मागको ५० प्रतिशत चिनी स्वदेशी उद्योगबाट आपूर्ति हुँदै आएको छ। बाँकी आयातबाट पूर्ति हुँदै आएको अवस्था हो। समयमा आयात नहुँदा आपूर्ति चक्र टुटेको हो कि भन्ने देखिएको छ। तथापि, अहिले त्यस्तो अवस्था छैन। परिमाणात्मक रूपमा चिनी प्राप्त छ।

तर चिनीको मूल्यमा अलिकति वृद्धि भएको छ भनेर गुनासो आइसके पछाडि हामीले चिनीको कुन तहमा मूल्यवृद्धि भएको हो भनेर अनुसन्धान गरिरहेका छौँ। उत्पादक वा पैठारी, थोक वा खुद्रा बिक्रेता वा तल्लो तहमा कहाँनेर चिनी मूल्य वृद्धि भएको छ? भन्ने सन्दर्भमा यथार्थ पत्ता लगाउन कार्यदल गठन गरेका छौँ।

कार्यदललाई पाँच दिनको समयावधि तोकिएको छ। कार्यदलले केही दिनभित्रै प्रतिवेदन दिनेछ। प्रतिवेदनमा औँल्याइएअनुसार कुन तहमा मूल्य वृद्धि भएको हो, त्यसलाई नियन्त्रण गर्ने गरी अगाडि बढ्छौँ।

**मूल्यवृद्धि नियन्त्रण गर्न विभाग असक्षम देखिएको हो ?**

(नजिकिँदो चाडपर्वका बेलामा खाद्यवस्तुमा केही मूल्यवृद्धि भएको छ। समग्रमा मूल्यवृद्धिको आधारलाई हेर्ने हो भने गत वर्षको तुलनामा मूल्यवृद्धि भएको देखिँदैन। राष्ट्र बैंकले प्रकाशन गरेको देशको आर्थिक अवस्थाको प्रतिवेदन हेर्ने हो भने पनि मुद्रास्फीति गत वर्षको तुलनामा कम देखिन्छ।

नेपालको मुद्रास्फीति ७ दशमलव ५२ प्रतिशत छ भने भारतको ६ दशमलव ८३ प्रतिशत छ। भारतमा भन्दा नेपालमा मुद्रास्फीतिको दर शून्य दशमलव ७० प्रतिशत विन्दुले मात्र बढी छ। यस आधारमा नेपालमा खाद्यवस्तुको मूल्यवृद्धि यो अवस्थामा नआउनुपर्ने हो। तर केही खाद्यवस्तुमा मूल्य वृद्धि भएको छ।

दैनिक उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि नियन्त्रण गर्न हामीले हस्तक्षेपकारी भूमिका बढाएका छौँ। उपभोक्ता संरक्षण ऐनबमोजिम कैफियत गर्ने व्यापारीलाई कारबाही गर्छौं। कोही कसैबाट उपभोक्ता हित विपरीतका गतिविधि भए/गरेको, खाद्यवस्तुमा लेबल नराखी बिक्री गरेको, मिसावट गरिएको देखिएको अवस्थामा सचेत उपभोक्ताले निःशुल्क हटलाइन ११३७ नंमा जानकारी गराउन सक्नुहुन्छ।

उपभोक्तामाथि विभिन्न बहानामा ठगी गर्नेलाई नियन्त्रण गर्न विभाग तत्पर छ। अनुगमनमार्फत नै बजारलाई नियमन गर्ने हो। विभागको नेतृत्वदायी भूमिकामा नै संयुक्त बजार अनुगमन भइरहेको छ। अनुगमनले सकारात्मक नतिजा देखाएको छ।

**बजारलाई व्यवस्थित बनाउन व्यवसायीमा इमान्दारिता र उपभोक्ता सचेतना पनि उत्तिकै महत्वपूर्ण छ। उपभोक्तालाई सचेत बनाउन विभागले के गरिरहेको छ ?**

(बजारमा देखिने गैरव्यावसायिक क्रियाकलाप, उपभोक्ता ठगी, अनुचित व्यापारिक क्रियाकलाप, बिलबीजक जारी नगर्ने, न्यून गुणस्तरीय वस्तुको बिक्री वितरणलगायत क्रियाकलापलाई न्यूनीकरण गर्न तथा स्वच्छ बजार कायम गरी उपभोक्ताको अधिकार संरक्षण गर्न विभाग निरन्तर क्रियाशील छ। हरेक उपभोक्ताले आफूले उपभोग गर्ने वस्तुका बारेमा जानकारी लिनुपर्छ।

उपभोग्य वस्तुको मूल्य, उत्पादित समय, प्रयोग गर्ने अवधिलगायत विषयमा उपभोक्ता पनि जानकार हुनपर्छ। उपभोक्ताले उपभोगका लागि अयोग्य सामग्री खरिद गर्नु हुँदैन। विभागले उपभोक्ता शिक्षाका कार्यक्रम पनि अगाडि बढाएको छ। हामीले उपभोक्ता अधिकार मात्रै नभई जिम्मेवारीको कुरा पनि गरेका छौँ।

**व्यावसायिक क्रियाकलाप स्वच्छ, पारदर्शी एवम् प्रतिस्पर्धी बनाउँदै गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने विभागको मुख्य जिम्मेवारी रहेको छ। यस वर्ष के(कस्तो लक्ष्य राख्नुभएको छ ?**

(विभागको यस वर्षको लक्ष्य तीन हजार आठ सय ५० वटा फर्मको अनुगमन गर्ने रहेको छ। तीमध्ये तीन हजार पाँच सय फर्म उपत्यकाभित्र र बाँकी उपत्यकाबाहिर गर्ने योजना छ। विभाग मातहतको पाँचवटा कार्यालयबाट पनि आ(आफ्नो लक्ष्य निर्धारण गरेर काम गरिरहेको अवस्था छ।

दसैं र तिहारको समयमा हामी करिब दुई हजारको सङ्ख्यामा अनुगमन गर्ने छौँ। सशक्त रूपमा विभागले आफ्नो अभियानलाई अगाडि बढाएको छ। अनुगमनका क्रममा हामी दण्डात्मक योजनामात्र लिएर गएका छैनौँ, व्यवसायीलाई कानुनको दायराभित्र रहेर व्यापार गर्ने गरी उत्प्रेरणा जगाउने खालका कार्यक्रम पनि लगेको छौँ।

राम्रो व्यवसाय गर्नेलाई धन्यवाद पनि भनेका छौँ। निरीक्षणका क्रममा उपभोक्ता संरक्षण ऐन विपरीतका कुनै पनि गतिविधि भएको छैन, राम्रो व्यावसायिक आचरणमा रहेर काम भएको छ भने हामीले धन्यवाद पनि दिएका छौँ। खराब काम गर्ने

बाँकी तेश्रो पृष्ठमा

# ...त्यसपछि बन्यो निधिको नाममा मिथिला संस्कृति केन्द्र

–टिकाराम सुनार र चन्दन ठाकुर
जनकपुरधाम, ९ असोज (रासस)

विसं २०५६ मा सन्त नेता कृष्णाप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्री हुनुभएको समय थियो।

नेपाली कांग्रेसका पूर्वसभापतिसमेत रहनुभएका प्रधानमन्त्री भट्टराईको गान्धीवादी नेता स्व महेन्द्रनारायण निधिको नाममा जनकपुर क्षेत्रमा दीर्घकालीन महत्त्वको केही काम गर्ने चाहना रहेछ।

उहाँले एकदिन आफ्नो त्यो चाहना स्व निधि पुत्र विमलेन्द्र निधिलाई सुनाउनुभयो। बुबाको नाममा केही ऐतिहासिक महत्त्वको काम गर्ने योजनामै रहेका विमलेन्द्रलाई प्रधानमन्त्री स्वयंले नै त्यसो भनेपछि थप सजिलो हुने नै भयो। तर गर्ने के ? अन्योलमा हुनुहुन्थ्यो निधि।

हुन त उहाँसँग योजना नभएका होइनन् तर प्राथमिकता निर्धारण गरिसकेको अवस्था थिएन। त्यही बेला तत्कालीन जनकपुरका नगरप्रमुख बजरङ्गप्रसाद साहले नगरमा बहुआयामिक महत्त्वको सभाहल निर्माणका लागि गरेको संघर्ष निधिको सम्झनामा आयो। त्यही विषयमा छलफल सुरु भयो।

आफ्ना पिता स्व नेता महेन्द्र नारायण निधिको नाममा प्रधानमन्त्रीले पनि केही महत्त्वको काम गर्ने चाहना राख्नुभएका बारे कुराकानी भयो। सभाहल बनाउने तर त्यसको नाम 'महेन्द्र नारायण निधि संस्कृति केन्द्र' बनाउने प्रस्तावमा नगरप्रमुख साहले पनि सहमति जनाउनुभयो।

नगरप्रमुखसँग भएको मोटामोटी सहमतिको बेहोरा प्रधानमन्त्री भट्टराईलाई सुनाएपछि उहाँले तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री बलबहादुर केसीसँग सल्लाहपछि आर्थिक वर्ष विसं २०५७/५८ देखि आयोजनाकै रुपमा संस्कृति केन्द्रको निर्माण सुरु भएको थियो।

सोही आर्थिक वर्षको वैशाख महिनामा महेन्द्र नारायण निधि पत्नी प्रेमसागरी देवी निधिले भवनको शिलान्यास गरेसँगै आयोजनाको निर्माण कार्य सुरु भयो।

करिब २३ वर्षअघि सुरुभएको आयोजनाको महत्त्वपूर्ण अङ्गका रुपमा रहेको सभाहल उद्घाटन कार्यक्रममा सोमबार तिनै निधि पुत्र विमलेन्द्रले यी कुरा सुनाउनुभएको हो।

त्यसक्रममा निधिले भन्नुभयो, "तत्कालीन मेयर (बजरङ्गप्रसाद साह) जनकपुरमा एउटा सिटी हल निर्माण गर्न भौतारिरहनुभएको थियो।

उहाँले सहयोगका लागि सरकार र विभिन्न दूतावास धाइरहेको पीडा मैले नजिकबाट नियालिरहेको थिए। प्रधानमन्त्री स्वयंले नै जनकपुरमा अहिंसावादी नेता मेरो पिताजीको नाममा केही गर्ने चाहना व्यक्त गरेको सन्दर्भमा जनकपुरमा सभाहल निर्माण सुरु भएको हो।"

आफ्नो पिताजीको नाम जोडिए पनि संस्कृति केन्द्रको उद्देश्य मिथिलाको कला संस्कृति, अहिंसा, शान्ति र सामाजिक सद्भाव संरक्षणमा काम गर्ने रहेकाले त्यसको सदुपयोग गर्नुपर्ने निधिको धारणा छ।

"यो संस्कृति केन्द्रमा आदरणीय नेता किसुन जीको सपना, तत्कालीन नगरप्रमुख साहको वेदना र मेरो चाहना जोडएको छ।

विभिन्न आरोहअवरोहका बीच आज करिब २३ वर्षपछि संस्कृति केन्द्र सञ्चालनमा आएको छ।

यस कार्यले परिवारको सदस्यका रुपमा म निकै खुसी छु र यसको निर्माणमा योगदान गर्ने सबैप्रति आभार प्रकट गर्दछु", निधिको भनाइ थियो।

पूर्व नगरप्रमुख साहले पनि जनकपुरमा सुविधासम्पन्न आधुनिक सभाहल निर्माण गर्ने योजना बनाइरहेका बेला संघीय सरकारले नै स्व नेता निधिको नाममा सभाहल बनाइदिने भनेपछि आफू त्यसमा सहमत भएको बताउनुभयो। "जनकपुरमा धार्मिक कार्यका लागि धेरै मानिस आउने, सभा सम्मेलन हुने तर यहाँ एउटा पनि आधुनिक सभाहल थिएन।

त्यसैका लागि मैले पहल गरिरहेको थिए। संयोगवस उहाँले (निधिले) आफूलाई प्रधानमन्त्रीले भनेको कुरा सुनाउनुभयो।

त्यसैका आधारमा नगरपालिकाले मेरै पालामा केन्द्र निर्माणका लागि होसियारीपूर्वक पचास कठ्ठा जग्गा दिने निर्णय गरेको हो। यो सभाहल निर्माण भएपछि म निक हर्षित छु।"

जनकपुरमा हुने ठूला कार्यक्रमलाई सहजता प्रदान गर्न र सभाहलबाहेक मिथिला संस्कृतिको संरक्षणाका लागि केन्द्रले आफ्ना गतिविधि सञ्चालन गर्ने पवित्र उद्देश्यसहित निर्माणभएकाले यसको संरक्षणका लागि सबै तहका सरकारले सहयोग गर्नुपर्ने पूर्व नगरप्रमुख साहको आग्रह छ।

त्यसैगरी नेकपा (एमाले) नेत्री एवं प्रतिनिधिसभा सदस्य जुलीकुमारी महतो महासेठ नेपालको लोकतान्त्रिक आन्दोलनमा महात्त्वपूर्ण योगदान गर्नुभएका स्व नेता निधिको स्मृतिमा बनेको सभाहलले जनकपुरको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गर्नुहुन्छ।

"ढिलै भए पनि हाम्रा अभिभावक स्व नेता निधिको स्मरणसभाहल बनेको छ। यसले जनकपुर क्षेत्रमा पर्यटन विकासका लागि टेवा पुग्नेछ। अब यसको सदुपयोग गर्न जरुरी छ", महतोले भन्नुभयो।

मुख्यमन्त्री सरोजकुमार यादव पनि केन्द्रको निर्माण प्रादेशिक राजधानीका रुपमा रहेको जनकपुरधाममा आवश्यक सभा सम्मेलन

बाँकी तेश्रो पृष्ठमा



यो ठाउँ बिज्ञापनको लागि


# राष्ट्रिय सहारा दैनिक

राष्ट्रिय सहारा दैनिक पत्रिका अब अनलाईनमा पनि

www.rastriyasaharadaily.com

वर्ष २१ अंक २१ २०८० असोज १० गते बुधवार (2023 Sep. 27 Wednesday) मुल्य रू. ५।- पृष्ठ संख्या ४


## अर्थमन्त्री डा. महतद्वारा सहुलियतपूर्ण वित्तीय सहायता आह्वान

**काठमाडौँ, ९ असोज (रासस)**

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालजस्ता अल्पविकसित मुलुकको विकासका लागि सहुलियतपूर्ण वित्तीय सहायताका लागि आह्वान गर्नुभएको छ।

इजिप्टको शार्म अल शेखमा आयोजित एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) को बोर्ड अफ गभर्नर्सको आठौँ बैठकमा गभर्नरको विजिनेस राउण्ड टेबलमा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्नुहुँदै डा महतले अल्पविकसित मुलुकको लागि सहुलियतपूर्ण वित्तीय सहायताले ठूलो अर्थ राख्ने भएकोले यसका लागि छुट्टै संयन्त्रको व्यवस्थाका लागि नेपालले राखेको प्रस्तावमा सहमति जनाउन सबै सदस्य राष्ट्रलाई आह्वान गर्नुभएको हो।

बैठकमा अर्थमन्त्री डा महतले विश्व अर्थतन्त्रको स्थिरता, शून्य कार्बन उत्सर्जनतर्फको यात्रामा तीव्रता र निम्न तथा मध्यम आय भएका मुलुकको आर्थिक विकास, गरिबी निवारण एवं नागरिकको गुणस्तरयुक्त जीवनका लागि वित्तीय स्रोतमा पहुँच प्रमुख तीन चुनौती रहेको बताउनुभयो। उक्त चुनौती सम्बोधनका लागि एसियाली पूर्वाधार लगानी बैंकलगायतका बहुपक्षीय विकास बैंकको भूमिका महत्वपूर्ण रहने उहाँको भनाइ छ।



न्यून आय भएका मुलुकका लागि आर्थिक पुनरोत्थान र विकास, रोजगारी सिर्जना, हरित पूर्वाधार विकास, वित्तीय साधन स्रोतमा पहुँच विस्तार, प्राविधिक एवं संस्थागत क्षमताको विकास, जलवायु सिर्जित विपद् व्यवस्थापन र अन्य सामाजिक सुरक्षाको क्षेत्रमा समेत सहयोग चाहिने अर्थमन्त्री महतको भनाइ छ।

खासगरी अल्पविकसित र विकासशील सदस्य राष्ट्रका पूर्वाधार विकासका लागि धेरै वित्तीय स्रोतको आवश्यकता रहेको सन्दर्भमा हाल प्रचलित वित्तीय सहायता संयन्त्र एवं उपकरण पर्याप्त नहुने धारणा राख्नुहुँदै अर्थमन्त्री डा महले सो क्षेत्रमा नवप्रवर्तनको आवश्यकता औँल्याउनुभयो।

कमजोर अर्थतन्त्र भएका मुलुकमा वित्तीय साधन स्रोतको अभाव हुन नदिन एआइआइबीले सार्वजनिक–निजी साझेदारी, हरित बण्ड, सम्मिश्रित वित्तलगायतका नवीन तथा सिर्जनशील उपकरणको उपयोग गर्नुपर्ने उहाँको भनाइ छ।

*बाँकी तेश्रो पृष्ठमा*

## शिक्षा क्षेत्रको विकास उच्च प्राथमिकतामा–मुख्यमन्त्री यादव

**सहारा संवाददाता——————**
**जनकपुरधाम, ०९ असोज।**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शिक्षा क्षेत्रको विकास प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ।

महोत्तरी जिल्ला सदरमुकाम जलेश्वर नगरपालिकालाई साक्षर नगरपालिका घोषणा सार्वजनिकीकरण कार्यक्रममा मुख्यमन्त्री यादवले यस्तो बताउनु भएको हो।

उहाले मधेस प्रदेश शिक्षामा निकै पछाडि रहेकाले मधेस प्रदेशको शिक्षाको विकासलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनु भयो।

शिक्षा संसारकै सबैभन्दा ठूलो धन रहेको र शिक्षा भएपछि संसारको कुनै कुनामा कोही कहिले पनि भोको मर्दैनन् भन्दै उहाले मधेस प्रदेशका अभिभावकहरुलाई आ–आफ्ना बालबालिकालाई शिक्षा दिन आग्रह गर्नुभयो।

मुख्यमन्त्री यादवले सार्थक र उपयोगी शिक्षाका लागि विद्यार्थी, अभिभावक, शिक्षक, सरकारलगायत



सरोकारवाला सबैलाई आ–आफ्नातर्फबाट इमान्दारीपूर्वक दायित्व बहन गर्न पनि आग्रह गर्नुभयो।

उहाँले मधेस प्रदेश सरकार प्रदेशभित्र शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेर प्रदेशको चौतर्फी विकास गर्न उद्दत रहेको बताउदै आवश्यक सहयोगका लागि सधैँ तयार र तत्पर रहने प्रतिबद्धतासमेत समेत व्यक्त गर्नु भयो।

जलेश्वर नगरपालिका मधेस प्रदेशको तेस्रो र महोत्तरी जिल्लामा पहिलो साक्षर पालिका

*बाँकी तेश्रो पृष्ठमा*

## बालसुधार गृहको अनुगमन सुरु

**काठमाडौँ, ९ असोज (रासस)**

राष्ट्रिय मानवअधिकार आयोगले देशभरका बालसुधार गृहको अनुगमन प्रारम्भ गरेको जनाएको छ।

आयोगले हालै भक्तपुर, बाँके, पर्सालगायतका जिल्लास्थित बालसुधार गृहमा विभिन्न विषयलाई लिएर भएका तोडफोड, झडप र उक्त घटनाबाट बालसुधार गृहका बालकको मृत्यु भएको एवं केही बालक घाइते भएको घटनाको अनुगमन प्रारम्भ गरेको हो।

आयोगले मोरङ, पर्सा, मकवानपुर, भक्तपुर, कास्की, रुपन्देही, बाँके र डोटी जिल्लाका आठवटै बालसुधार गृहहरुको अवस्था अनुगमन गरी यथाशीघ्र प्रतिवेदन पेश गर्नका लागि आयोगका सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयलाई पत्राचार गरेको छ।

भक्तपुरको मध्यपुरस्थित बालसुधार गृहभित्र सामान्य बिरामी परेका कमल बस्नेतको उपचार अभावमा मिति गत भदौ ३ गते मृत्यु भएको र उक्त विषयलाई लिएर बालसुधार गृहका बालकको समूहले ढुङ्गामुढा तथा तोडफोड गरी सुधार गृहबाट भागेका थिए।

बाँकेको डुडुवा गाउँपालिकामा रहेको बालसुधार गृहमा केही दिन अघि दुई समूहबीच झडप हुँदा गम्भीर घाइते भएका रुपन्देहीका सुलभ केसीको उपचारका क्रममा मृत्यु भएको र अन्य १० जना घाइते भएको विभिन्न माध्यमबाट आयोगलाई जानकारी प्राप्त भएको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिनुभयो।

त्यसैगरी, पर्सा र कास्कीस्थित बालसुधार गृहमा समस्या देखिएको आयोगले जनाएको छ।

## अधिकांश मासु पसल मापदण्डविपरीत

**जनकपुरधाम, ९ असोज (रासस)**

यहाँका अधिकांश मासु पसल मापदण्डविपरीत सञ्चालन भएको पाइएको छ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाको अगुवाइमा आजदेखि सुरु भएको अनुगमनका क्रममा जनकपुरधामस्थित रेल्वे स्टेशन क्षेत्रमा रहेका मासु पसलको अवस्थाबारे जानकारी लिइएको थियो।

केन्द्रका प्रमुख डा सञ्जीवकुमार ठाकुरले अनुगमनका क्रममा अधिकांश पसलहरू दर्ता बिना सञ्चालनमा रहेको पाइएको बताउनुभयो। उहाँले मासु जाँचसम्बन्धी ऐन नियमअनुसार न्यूनतम मापदण्डसमेत पालना नगरेको र गुणस्तरहीन मासुसमेत भेटिएको बताउनुभयो।

"धनुषाको मासु बजारका समस्याका विषयमा सञ्चारमाध्यममा समेत समाचार आएपछि अनुगमन गरेका हौँ", उहाँले भन्नुभयो, "जसमा अधिकांश व्यवासायीले न्यूनतम मापदण्ड पनि पालना नगरेको पायौँ, केहीलाई नियन्त्रणमा लिएका छौँ भने केहीलाई कार्यालयमा उपस्थित हुन निर्देशन दिएका छौँ।" अनुगमनका क्रममा करिब ३० केजी दुषित मासु नष्ट गरिएको छ।

पशुपक्षी रोग अन्वेषण प्रयोगशाला धनुषामा कार्यरत डा राकेश मोहन सिंहले नियन्त्रणमा लिइएका मासु परीक्षणका लागि नमूना प्रयोगशालामा पठाइएको बताउनुभयो।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाका सूचना अधिकारी मनोजकुमार कर्णले अनुगमन गरिएका पसलमध्ये अधिकांश दर्ताबिना सञ्चालन भइरहेको पाइएको बताउनुभयो।

उहाँले ज्यूँदो कुखुरा बेच्ने अनुमति लिए पनि मासु काटेर बेच्ने गरेको, मासु र अण्डा एकै ठाउँमा राखेर

*बाँकी तेश्रो पृष्ठमा*

## महानगर शिक्षा समितिको निर्णय

### अबैध रूपमा संचालित र अनुमति दुरूपयोग गर्ने कलेज/स्कुललाई जरिबाना

**सहारा संवाददाता——————**
**वीरगंज, ०९ असोज।**

वीरगंज महानगरले अनुमति नै नलिई विभिन्न कलेजको नाममा अबैध रुपमा संचालित ९ शैक्षिक संस्थालाई १/१ लाख रुपैया जरिबाना गर्ने निर्णय गरेको छ।

महानगर शिक्षा समितिको सोमबार बसेको बैठकले संस्थागत विद्यालय नियमन समितिले अनुगमनका क्रममा शिलबन्दी गरेका शैक्षिक संस्थालाई जरिबाना गर्नुका साथै ती संस्थालाई कुनै पनि शैक्षिक कार्यक्रम संचालन गर्न रोक लगाउने र व्यवसाय दर्ता खारेज गर्ने निर्णय गरेको हो।

शिक्षा समितिद्वारा गठित संस्थागत विद्यालय नियमन समितिले गत भदौ १३ गतेदेखि गरेको अनुगमनका क्रममा अनुमति नलिई शैक्षिक संस्था अबैध रुपमा संचालनमा रहेको भेटेपछि शिलबन्दी गरेको थियो।

शिक्षा समितिको सोमबार बसेको बैठकमा नियमन समितिका संयोजक ईश्वरचन्द्र यादवले अनुमति नलिइ संचालनमा रहेको ९ वटा कलेज र एक प्रि स्कुल तथा कलेज संचालनका लागि आफ्नो अनुमति दुरुपयोग गर्न दिने ९ वटा स्कुललाई कारबाहीको दायरामा ल्याउनु पर्ने राय सहितको अनुगमन प्रतिबेदन पेश गरेका थिए।

संयोजक यादवले पेश गरेका प्रतिबेदनलाई शिक्षा समितिले पास गर्दै अनुगमनका क्रममा भेटिएका ती सबै शैक्षिक संस्थालाई जरिबाना सहित बन्द गर्ने समेतको कारबाही गर्ने निर्णय भएको शिक्षा महाशाका प्रमुख अरबिन्दलाल कर्णले जानकारी दिनुभयो।

समितिले संघीय शिक्षा ऐन २०२८ को दफा १७ (१) क तथा महानगर शिक्षा ऐनको दफा ४१ अनुसार दण्ड, सजाय एवं जरिबाना गर्ने निर्णय गरेको उहाले बताउनु भयो।

जस अनुसार अबैध रुपमा संचालित वीरगंज स्कुल अफ ल, युनिभर्सल कलेज, इम्पेरियल कलेज, अन्नपूर्ण पब्लिक कलेज, प्रिन्सटन कलेज, युनिभर्सल +२ कलेज, सत्यम पब्लिक कलेज, पर्सा म्यानेजमेन्ट कलेज, नेशनल कलेजलाई रु. १/१ लाख जरिबाना गरिएको छ।

बिजी बिज किड्स प्री स्कुललाई रु. ५० हजार जरिबाना गरिएको बताइएको छ।

त्यसै गरी आफूले लिएको अनुमति पत्र दोस्रो पक्षलाई दिएर दुरुपयोग गर्ने ९ वटा विद्यालयलाई समेत दण्ड जरिबाना गरि नसिहत दिइएको छ।

*बाँकी तेश्रो पृष्ठमा*

## सुन तस्करी प्रकरण

### बुधबारदेखि थुनछेक बहस हुने

**काठमाडौँ, ९ असोज (रासस)**

काठमाडौँको सिनामङ्गलबाट बरामद गरिएको ६० किलो सात सय ग्राम सुन प्रकरणमा बुधबारदेखि थुनछेक बहस सुरु हुनेछ।

उक्त प्रकरणमा संलग्न प्रतिवादीको आज बयान सकिएसँगै बुधबारदेखि थुनछेक बहस सुरु हुने जिल्ला

*बाँकी तेश्रो पृष्ठमा*

## ललिता निवास प्रकरण

### नेपाल र भट्टराई विरुद्ध मुद्दा दर्ता नभएकोमा जवाफ माग





**काठमाडौँ, ९ असोज (रासस)**

सर्वोच्च अदालतले ललिता निवास प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराई विरुद्ध मुद्दा दर्ता नभएको विषयमा कारण देखाउ आदेश गर्दै लिखित जवाफ माग गरेको छ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले आज ललिता निवासको जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वयविरुद्ध मुद्दा दायरको विषयमा सरकारका नाममा कारण देखाउ आदेश गरेको हो।

वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेले ललिता निवासमा

*बाँकी तेश्रो पृष्ठमा*


## वीरगंज महानगरपालिकाद्धारा जनहितमा जारी सन्देश

गर्मि एवं वर्षातको समयमा लामखुट्टेको टोकाईबाट संक्रामक रोगहरु जस्तै औलो ( मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसको बढी जोखिम हुने गर्दछ। यस्ता रोगबाट बच्न, झुल लगाएर सुत्ने, पूरा शरीर ढाक्ने गरी लुगा लगाउने, शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने, घरको झ्याल तथा ढोकामा जाली राख्ने, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने तथा खाल्डाखुल्डी पुर्ने, ढल, नाला खुल्ला नराख्ने, पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने, सुंगुर बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने, मानिस वस्ने घरभन्दा पशुपन्छिको खोर टाढा राख्ने गर्नुपर्दछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**बीरगंज महानगरपालिका**